लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०५।२१ गते।

# प्रेस विज्ञप्ति- ३३७

# Press Release- 337

## लागु औषध खैरो हेरोईन ३६०.८ ग्राम, अफिम ५.७ के.जी, चरेश ११.७ के.जी, नियन्त्रित लागु औषध ३७२९ एम्पुल, नाईट्रोभेट ४०३५ ट्याब्लेट र स्पास्मो २५६ क्याप्सुल सहित १५ जना मानिस पक्राउ।

**काठमाण्डौ उपत्यका, पोखरा तथा झापाका बिभिन्न स्थानहरुमा लागु औषध कारोवार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा यस ब्यूरो तथा मातहतबाट व्यापक मात्रामा प्रहरी टोली परिचालन गरी मिति २०८०/०५/०२ गते देखि ऐ. २१ गते सम्म गरिएको कारवाहीमा निम्नानुसारका अवैध तथा नियन्त्रित लागु औषध कारोबार गर्ने ब्यक्तिहरुलाई लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको।**

- मिति २०८०।०५।०२ गते यस ब्यूरोबाट र जि.प्र.का. कास्कीबाट खटिएको संयुक्त प्रहरी टोलीले जि.कास्की, पोखरा म.न.पा. २५ हेम्जाबाट जिल्ला पुर्वी रुकुम पुथा उत्तरगंगा गा.पा. वडा नं.२ बस्ने बर्ष ४१ को दिपेश पुन, ऐ.ऐ. गा.पा. वडा नं. १, मैकोट बस्ने बर्ष ४० को बिराज पुन र जिल्ला बाग्लुङ, निसिखोला गा.पा. वडा नं. ५ बस्ने बर्ष ३८ तेजेन्द्र बहादुर पुन समेतको साथबाट **अवैध लागु औषध अफिम ५ के.जी. ७०० ग्राम** सहित पक्राउ गरी जि.प्र.का. कास्कीबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०५।०५ गते ला.औ.नि. ब्यूरो शाखा कार्यालय त्रि.अ.बि. र त्रि.अ.बि. सुरक्षा प्रहरीको संयुक्त टोलीले Batik Air को Flight No. 0D0181 द्धारा काठमाण्डौबाट मलेसिया हुँदै थाईल्याण्ड प्रस्थान गर्न लागेका जिल्ला लम्जुङ, दोर्दी गा.पा. ५ बस्ने बर्ष ३४ को सुन्दर गुरुङ, ऐ.ऐ. ठेगाना भएका बर्ष ४७ को औता राम गुरुङ र का.जि. नागार्जुन न.पा. ३ बस्ने बर्ष ४५ को बिकास भन्ने बिरु समेतको साथबाट **अवैध लागु औषध चरेश ११ के.जि. ७०० ग्राम** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०५।११ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जि. काठमाडौं, टोखा न.पा. १० बाट जिल्ला बाजुरा, बुढी नन्दा गा.पा. वडा नं. ८ बस्ने बर्ष १९ को प्रवेश रोकाया र जि.सप्तरी, खडक न.पा. ८ बस्ने बर्ष ३९ को पशुपती सरदार समेतको साथबाट **नियन्त्रित लागु औषध ११३५ एम्पुल र नाईट्रोभेट १३६५ ट्याब्लेट** सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको।

- मिति २०८०।०५।१७ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जि.भक्तपुर, भक्तपुर न.पा. १. बस्ने बर्ष ४९ को शिद्धि राम शिल्पकारको साथबाट **अवैध लागु औषध खैरो हेरोईन २१ ग्राम** सहित पक्राउ गरी यस ब्यूरोबाट थप अनुसन्धान भईरहेकोमा सोही लागु औषध कारोवारको संजालमा संलग्न जि.पाँचथर फालेलुङ गा.पा. ६ घर भै हाल का.जि.का.म.न.पा. १४ बस्ने बर्ष ३५ को जंग बहादुर राईलाई **अवैध लागु औषध खैरो हेरोईन १४२ ग्राम र नगद रु. ९,५०,०००।– (नौ लाख पचास हजार)** सहित पक्राउ गरी थप अनुसन्धान गर्दै जांदा सोही संजालमा संलग्न जि.झापा भद्रपुर न.पा. ६ चन्द्रगढीबाट देश. भारत पश्चिम बंगाल राज्य दार्जिलिङ जिल्ला नक्सालबारी थाना बस्ने बर्ष २८ की कल्याणी बर्मन, ऐ.ऐ. बस्ने बर्ष २८ की राधा सिंह र ऐ.ऐ. बस्ने बर्ष २४ को कल्याण बर्मन समेतको साथबाट **अवैध लागु औषध खैरो हेरोईन १९७ ग्राम ८०० मिलिग्राम** सहित पक्राउ गरी जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भईरहेको।

- मिति २०८०।०५।२१ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले का.जि. टोखा न.पा. ६, शितल बस्तीबाट जिल्ला सप्तरी, बलान बिहुल गा.पा.-३, गादुथैला बस्ने बर्ष ३० को सन्तोष चौधरी र जि.सप्तरी खड्क न.पा. ८ नखोजपुर बस्ने बर्ष २३ को बिष्नु कुमार सरदार समेतबाट **नियन्त्रित लागु औषध २५९४ एम्पुल, नाईट्रोभेट २६७० ट्याब्लेट र स्पास्मो २५६ क्याप्सुल** सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको।

  *साथै निज सन्तोष चौधरी **यस ला.औ.नि.ब्यूरोको मिति २०७९।०२।१० गतेको १२२२ एम्पुल मुद्धामा फरार रहेको प्रतिवादी** रहेको ब्यहोरा समेत जानकारीको लागी अनुरोध गरिएको छ।*

•••













**प्रवक्ता / सूचना अधिकारी**

(चक्रराज जोशी)

प्रहरी उपरीक्षक

सम्पर्क नम्वर : ९८५११३२७४३